बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

हेटौंडा, नेपाल

पत्र संख्याः २०८०/०८१

मितिः- २०८०/०५/२५

**शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण केन्द्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा मिति २०७९/०५/०६ गते बागमती प्रदेश सरकारको राजपत्रमा प्रकाशन भएको शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९ अनुसार संस्था नवीकरणका लागि देहाय अनुसारको व्यवस्था भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९ दफा ४ को उपदफा (२) बमोजिम अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने र आर्थिक वर्ष समाप्त भएको मितिले ९० (नब्बे) दिन भित्र नवीकरण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको, सो अवधिभित्र नवीकरण गर्न नसकेमा सोही दफाको उपदफा (३) बमोजिम थप दस्तुर लिई नवीकरण गर्न सक्ने व्यवस्था रहेकोले आ. व. २०८०/०८१ का लागि नवीकरण गर्न तथा आ. व. २०७८/०७९ र २०७९/०८० को नवीकरण छुट भएको शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण केन्द्रहरूले सोही दफा अनुसार तथा प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची ७ बमोजिम दस्तुर बुझाई तोकिएको समयावधि भित्र आवेदन दिई नवीकरण गराइ सक्नु हुन अनुरोध गरिन्छ ।

२. सामाजिक विकास मन्त्रालयको वेवसाइट www.mosd.bagamati.gov.np मा गई ECIS Login मा क्लिक गरी वा https://ecis.bagamati.gov.np लिङ्क मार्फत Account Create गर्ने र इमेलमा प्राप्त User Name र Password प्रयोग गरी Login गरी तोकिएका सबै विवरण भरी कागजातहरू Upload गर्ने, (यसका लागि सबै प्रक्रियाका बारेमा Consultancy Re-new Manual मा उल्लेख गरिएको छ । उक्त Manual, ECIS Login मा राखिएको छ ।)

३. शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९ को दफा ६ को उपदफा (१) खण्ड (झ) अनुसार लगातार तीन वर्ष नवीकरण नगराएमा अनुमति रद्द हुने व्यवस्था रहेको हुँदा अनुमति लिएको तीन वर्षसम्म नवीकरण नगराएका संस्थाहरूको सोही अनुसार अनुमति रद्द भएको मानी नवीकरण आवेदन अस्वीकार गरिनेछ ।

४. माथिको उल्लेखित शर्त र Educational Consultancy Information System (ECIS) मा तोकिएबमोजिमको प्रक्रिया नपुर्‍याई दिएको आवेदन उपर कारवाही गरी नवीकरण गरी दिन मन्त्रालय बाध्य हुनेछैन ।

२०८०/०५/२५

(श्रीकृष्ण आचार्य)

अधिकृत्तर आठौं